भोक्राहा नरसिंह गाउँपालिका
सुनसरी

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०४।०६**

सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो । यो कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा संचालित छ । SaMi लाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ । यस SaMi कार्यक्रम अन्तर्गत सुनसरी जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र सञ्चालन गर्न तथा भोक्राहा नरसिंह गाउँपालिकामा वैदेशिक रोजगार सम्वन्धी सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ।

| विज्ञापन नं | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| २-०७९/०८० | मनोसामाजिक परामर्शकर्ता | १ | कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br><br>मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ । आवेदन बुझाउने अन्तिम मितिको दिन उमेरको हकमा २० बर्ष पुरा भइ ४० बर्ष ननाघेको हुनु पर्नेछ। |
| ३-०७९/०८० | वित्तीय साक्षरता सहजकर्ता | १ | न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। आवेदन बुझाउने अन्तिम मितिको दिन उमेरको हकमा २० बर्ष पुरा भइ ४० बर्ष ननाघेको हुनु पर्नेछ। |
| ४-०७९/०८० | रिटर्नी स्वयंसेवक (आंशिक) | ३ | न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ । आवेदन बुझाउने अन्तिम मितिको दिन उमेरको हकमा २० बर्ष पुरा भइ ४० बर्ष ननाघेको हुनु पर्नेछ। |

**कार्य अवधिः** हाललाई २०८० असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ ।

**परिक्षाको किसिम** : लिखित र अन्तवार्ता

**तलव तथा अन्य सुविधा** : कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक भोक्राहा नरसिंह गाउँपालिकामा स्थायी वसोवास भएका नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, भोक्राहा नरसिंह गाउँपालिकामा स्थायी बसोबास गरेको खुल्ने वडा कार्यालयको हालको सिफारिस, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई भोक्राहा नरसिंह गाउँपालिकाको प्रशासन शाखामा आवेदन पेश गर्नु पर्नेछ । उम्मेदवारले आफू कुनै पनि सरकारी, गैर सरकारी तथा निजी संघ संस्थामा आवद्ध नरहेको स्वघोषणा पत्र समेत आवेदन साथ संलग्न राखी वुझाउनु पर्ने छ । तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन । आवेदनको ढाँचा गाउँपालिकाको वेभसाइटमा अपलोड गरिएको छ ।

**छनौट प्रक्रियाः** प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता परिक्षामा समावेश गरिने छ ।

**दरखास्त दिने अन्तिम मिति :** २०७९।०४।२० गतेका दिन कार्यालय समय भित्र । आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

पदपूर्ती समिति
भोक्राहा नरसिंह गाउपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, चिरौली, सुनसरी